# बोदेबर्साइन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बोदेबर्साइन, सप्तरी
प्रदेश नं.२,नेपाल

पत्र संख्या :-२०७६/०७७
चलानी नं. ६२५

मिति:-२०७६/०९/२७

# सुचना ! सुचना!! सुचना!!!

**विषय :- छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रममा सहभागी सम्बन्धमा**

मिति २०७५/१०/०१ गते पछि जन्मेका वालिकाहरुको लागि मुख्य मन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम तपसिलको मिति, स्थान र समयमा उल्लेखित वडाहरुको अभिभावकहरु तपशिलका कागजात सहित उपस्थित भई आ-आफ्नो बालिका(छोरी)हरुको विमा गराउनको लागि यो सुचना प्रकाशन गरिएको छ । उक्त कार्यक्रमको प्रचार प्रसार गरि आवश्यक सहयोग गरिदिनु हुन स्थानिय गैर सरकारी संघ संस्था समाजसेवीहरुलाई समेत अनुरोध गरिन्छ ।

तपसिल

| | |
|---|---|
| वडा नं. : १, २, ३, ४, ५ र ६ | वडा नं. : ७, ८, ९ र १० |
| मिति : २०७६/१०/०२ विहिवार | मिति : २०७६/१०/०३ शुक्रवार |
| स्थान : चन्द्रा नमुना मा.वि. बोदेबर्साइन, सप्तरी | स्थान : महेन्द्र चुन्नी मा.वि.मानराजा, सप्तरी |
| समय : विहान १० बजे । | समय : विहान १० बजे । |

**आवश्यक कागजातहरु**

१. छोरीको जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. अभिभावक मध्ये एक/दुवै जनाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
३. छोरीको पासपोर्ट साईजको फोटो – ६ प्रति
४. अभिभावक/संरक्षकको पासपोर्ट साईजको फोटो – ६ प्रति
५. वैकल्पिक स्यहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी र संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी
६. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी , संरक्षत्व ग्रहण गरेको प्रमाणको प्रमाणिति प्रतिलिपी ।

**नोट : मिति २०७५/१०/०१ पछि जन्मेका बालिकाहरुको जन्मदर्ता गराउन छुट भएका अभिभावकहरुको हकमा सोही दिन उल्लेखित स्थानमै जन्मदर्ता प्रमाणपत्र बनाई बाँकी कार्य अगाडि बढाईने छ ।**

...................

घनश्याम यादव

घनश्याम यादव
प्रमुख प्रशासकीय अधिकृत